# सान्नीत्रिवेणी गाउँपालिकाको
# वार्षिक बजेट तथा कार्यक्रम
## आ.व. २०८३/८४

प्रस्तुत मितिः २०८३/०३/०७

पारित मितिः २०८३/०३/०७


सान्नीत्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मेहलमुडी, कालीकोट

कर्णाली प्रदेश, नेपाल

**सान्नीत्रिवेणी गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा उपाध्यक्ष श्री पार्वती सिंह (संज्याल) द्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य**

गाउँसभाबाट स्वीकृत मिति: २०८३/०३/०७
प्रमाणीकरण मिति: २०८३/०३/०७

**गाउँ सभाध्यक्षज्यू,**
**गाउँसभाका सचिव तथा सम्पूर्ण सदस्यहरू**
**सबै कर्मचारीहरू**
**सञ्चारकर्मी तथा पत्रकारहरू,**

नेपालको संविधानको धारा २३०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१, सान्नीत्रिवेणी गाउँपालिका विनियोजन ऐन २०८३, आर्थिक ऐन, २०८३ र नीति तथा कार्यक्रम, २०८३ ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालू आवधिक योजना, दिगो विकासको लक्ष्य, नेपालको दीर्घकालीन सोच, २१०० कर्णाली प्रदेश सरकारको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवं अन्य सम्बन्धित दस्तावेज, गाउँ सभाका सदस्यहरूद्वारा दिइएको सुझावहरूलाई समेत ध्यान दिँदै सान्नीत्रिवेणी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवको महसुस गरेको छु ।

नेपालको राजनीतिक परिवर्तनका लागि अमूल्य जीवन अर्पण गर्ने सम्पूर्ण ज्ञात–अज्ञात शहीदप्रति श्रद्धा र कृतज्ञताको गहिरो भावना प्रकट गर्दछु। नेपालको सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित, संघीय लोकतान्त्रिक गणतन्त्र, समानता, समावेशीता, सामाजिक न्याय र समृद्धिको बाटोमा अविचलित संगै देशलाई दिशानिर्देश गर्ने महान् आत्माहरू, समस्त दिदीबहिनी, दाजुभाइ र राजनीतिक शिखर व्यक्तित्वहरूलाई हार्दिक सम्मान अर्पण गर्दछु।

नेपालको संविधानअनुसार तीन तहको शासन प्रणालीमा स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। प्राप्त अधिकार र सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाई जनतालाई परिवर्तनको अनुभूति गराउन गाउँपालिका प्रतिबद्ध रूपमा क्रियाशील रहेको तथ्यमा दुईमत छैन ।

कर्णाली प्रदेश मात्र होइन, समग्र नेपालमा सान्नीत्रिवेणी गाउँपालिका आफ्नो सशक्त पहिचान निर्माण गर्न अग्रसर छ। यो पहिचान आकस्मिक होइन, हाम्रो कार्यकालमा भएका योजनाबद्ध पहल र सामूहिक प्रयासहरूको प्रतिफल हो। शिक्षा, स्वास्थ्य, सेवाप्रवाह, कृषि, पूर्वाधार विकास र पर्यटनजस्ता क्षेत्रहरूमा गरिएको सृजनात्मक र रुपान्तरणमुखी प्रयासहरूले स्थानीय समृद्धिको नयाँ ढोका खोलिरहेका छन्। यी सबै पहलहरूले सान्नीत्रिवेणी गाउँपालिकालाई अब एक गतिशील,रुपान्तरणयुक्त, सम्भावनायुक्त र पहिचानयुक्त पालिकाको रूपमा स्थापित गराएका छन्।

सान्नीत्रिवेणी गाउँपालिकाले समृद्ध र आत्मनिर्भरतातर्फ उन्मुख बनाउन कानूनी कार्यान्वयन सशक्त पार्न, भौतिक पूर्वाधार सुदृढीकरण गर्न, आन्तरिक स्रोतको अधिकतम परिचालन गर्न, उत्पादकत्व वृद्धि गर्न, गुणस्तरीय र सुशासनयुक्त सार्वजनिक सेवा र निर्माण कार्य सुनिश्चित गर्न तथा कर दायरा विस्तार गर्न विभिन्न चुनौतीहरूको सामना गरिरहेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरू बस्तीस्तरबाट सुरु गरी वडा कार्यालय, विषयगत समिति, राजस्व परामर्श समिति, योजना तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी गाउँपालिकामा छलफलको प्रक्रिया अपनाई, कार्यपालिकामा व्यापक छलफल गरी यस गाउँसभामा पेश गरिएको व्यहोरा समेत सबै गाउँसभाका सदस्यहरूलाई जानकारी गराउन चाहन्छु।

**सभाध्यक्षज्यू,**

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट "साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समृद्ध सान्नीत्रिवेणी" को मूल दृष्टिलाई सफल बनाउन केन्द्रित रहनेछ। यसअन्तर्गत आगामी वर्षको बजेट तथा कार्यक्रमको देहाय बमोजिमका प्राथमिकता र उद्देश्यहरू रहनेछन्:

- भौतिक संरचनाको निर्माण, सञ्चालन, व्यवस्थापन तथा उपयोग गर्ने।
- पालिका भित्रका रणनीतिक सडकहरूको स्तरोन्नती, ग्रामीण सडकहरूको बाह्रै महिना चल्ने व्यवस्था, र सूचना प्रविधिको विस्तार गर्ने।
- महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिकाहरूको सशक्तीकरण तथा संरक्षण गर्ने।
- पालिका भित्र रहेका प्राकृतिक, मानवीय र आर्थिक स्रोतहरूको पहिचान, परिचालन र दिगो उपयोग गर्ने।
- सुरक्षित र सहज खानेपानीको पहुँच सुनिश्चितता गर्ने।
- आत्मनिर्भर उद्यमशिल रोजगारमूलक जनशक्ति निर्माण गर्ने।
- नवीन, प्रभावकारी, गुणस्तरीय, व्यवसायिक, प्रतिस्पर्धी र सीपमूलक शिक्षा प्रणालीको विकास गर्ने।
- सेवा प्रवाहमा सुदृढीकरण, संस्थागत क्षमता अभिवृद्धि,पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने।
- धार्मिक, शैक्षिक र खेल पर्यटनको प्रवर्द्धनमार्फत आर्थिक समृद्धिको नयाँ आधार तयार गर्ने।
- सुव्यवस्थित स्वास्थ्य सेवा र पूर्वाधार संरक्षण एवं सुदृढीकरण गर्ने।
- स्वस्थ, सभ्य र अब्बल नागरिकको लागि पूर्वाधार निर्माण तथा जनचेतना विस्तार गर्ने।
- कार्यालयका सम्पूर्ण कार्यहरूलाई डिजिटालाइजेसन गर्दै पेपरलेस गाउँपालिका कायम गर्ने।

यस सान्नीत्रिवेणी गाउँपालिकाले बजेटका उद्देश्यहरू पूरा गर्न र प्राथमिकताका योजनाहरू सफलतापूर्वक कार्यान्वयन गर्न संघीय तथा प्रदेश सरकारसँग नजिकबाट समन्वय र सहकार्य गर्नेछ। गाउँपालिकामा रहेका श्रम, सीप, पूँजी, क्षमता दक्षता, विज्ञता र ज्ञानको सदुपयोग गर्दै रोजगारी सिर्जनामा सहकारी क्षेत्र, निजी क्षेत्र गैरसरकारी संघसंस्था र सम्वद्ध सबैसँगको सहकार्यलाई उच्च प्राथमिकतामा राख्नेछ।

**अब म चालू आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको यथार्थ आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु।**

चालू आर्थिक वर्ष २०८२/८३ का लागि रू. ४३ करोड ५३ लाख ४९ हजार ३४६ बजेट प्रस्तुत गरिएको थियो। गाउँपालिकाबाट स्वीकृत बजेट अनुसार चालू आर्थिक वर्षमा स्थानीय सञ्चित कोषमा हालसम्म रू. ३५ करोड ९१ लाख ७९ हजार ७६३ आम्दानी भएको छ। कुल आम्दानीमध्ये रू. २३ करोड ८८ लाख ५४ हजार २५७ अर्थात् कुल बजेटको ५४.८६ प्रतिशत खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च तर्फ रू. २० करोड ७ लाख ८४ हजार ४४९ (६०.९३ प्रतिशत) र पूँजीगत तर्फ रू. ३ करोड ८० लाख ६९ हजार ८०८ (३५.९७ प्रतिशत) खर्च भएको छ।

अन्तरसरकारी अख्तियारी तर्फ चालू आर्थिक वर्षमा हस्तान्तरण भएको कुल बजेट ९ करोड ०८ लाख ४९ हजार रहेकोमा हालसम्म रू. ७ करोड ५१ लाख १७ हजार ५९ रूपैयाँ खर्च भएको छ। यस आर्थिक वर्षको हालसम्म सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रू ७ करोड ४८ लाख १९ हजार हस्तान्तरण भएकोमा हालसम्म चौथो किस्तासम्मको रकम रू. ६ करोड ६५ लाख ९४ हजार ५९ रूपैयाँ खर्च भएको छ।

**अब म आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सान्नीत्रिवेणी गाउँपालिकाको खर्च व्यहोर्ने स्रोतहरुको संक्षिप्त विवरण राख्न चाहन्छु।**

नेपाल सरकार तर्फ वित्तीय समानीकरण अनुदानबाट रू. ९ करोड १३ लाख, संघीय राजश्व बाँडफाँडबाट रू. ८ करोड ८० लाख ३७ हजार, संघीय शसर्त अनुदानबाट रू १६ करोड ८२ लाख, संघीय विशेष अनुदानबाट रू. १ करोड, संघीय समपुरक अनुदानबाट रू. २ करोड ८ लाख गरी कुल प्राप्त हुने रू. ३७ करोड ८३ लाख ३७ हजार अनुमान गरेको छु।

त्यस्तै कर्णाली प्रदेश सरकार तर्फ वित्तीय समानीकरणबाट रू. १ करोड २१ लाख २६ हजार, राजश्व बाँडफाँडबाट रू. १२ लाख ४१ हजार ९४७ रूपैयाँ, शसर्त अनुदानबाट रू. १ करोड ९८ लाख २१ हजार, विशेष अनुदानबाट रू. ३५ लाख र समपूरक अनुदानबाट रू. २ करोड २८ लाख गरी कुल रू. ५ करोड ९४ लाख ८८ हजार ९४७ रूपैयाँ प्राप्त हुने अनुमान गरेको छु। आन्तरिक स्रोततर्फ रू. ४८ लाख राजस्व संकलन हुने प्रक्षेपण गरेको छु।

**अब म आगामी आर्थिक वर्ष २०८३/८४ को लागि व्यय (खर्च) को अनुमान पेस गर्दछु।**

नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक स्रोत तर्फ विनियोजन रकममध्ये गाउँ कार्यपालिका तर्फ प्रशासनिक सञ्चालन, तलब, भत्ता, कार्यालय सञ्चालन, सशर्त र विषेश अनुदानबाट प्राप्त कार्यक्रमहरू समेत गरी चालु तर्फ रू. २९ करोड ५९ लाख १० हजार ९४७ रूपैयाँ र पूर्वधार विकास लगायत पूँजीगत तर्फ रू. ११ करोड ७६ लाख ८५ हजार बजेट विनियोजन गरेको छु।

नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र राजस्व बाँडफाँट स्रोतबाट वडा कार्यालय तर्फ चालु शीर्षकमा रू. ३६ लाख र पूँजीगत शीर्षकमा रू. ६३ लाख गरी जम्मा ९९ लाख रकम र विषयगत शाखाहरू तर्फ चालु शीर्षकमा रू. १ करोड ८६ लाख ३० हजार र पूँजीगत शीर्षकमा रू. ५ लाख रकम विनियोजन गरेको छु।

**सभाध्यक्षज्यू, सभाका सदस्य ज्यूहरू,**

**अब म आगामी आ.व. को लागि विनियोजित बजेट तथा कार्यक्रमहरू संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु।**

१. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त रकमबाट शिक्षा शाखा तर्फ रू. १ करोड ५५ लाख ३० हजार, स्वास्थ्य शाखा तर्फ रू. १९ लाख, पशुपन्छी विकास शाखा तर्फ रू. ९ लाख र कृषि विकास शाखा तर्फ रू. ८ लाख रकम विनियोजन गरेको छु।
२. सान्नीत्रिवेणी गाउँपालिका वडा नं ४ मा रहेको जनज्योती माध्यमिक विद्यालयको भवन निर्माणको लागि भारतीय राजदुतावाससँगको लागत साझेदारी तर्फ रू. २ करोड ४५ लाख रकम विनियोजन गरेको छु।

३. नेपाल सरकार र यस गाउँपालिकाको लागत साझेदारीमा समपूरक अनुदान तर्फ सञ्चालित लुयाँटा खोला देखी कालाढुङ्गा हुँदै रकु सम्म सडक निर्माण-वडा नं २ र ३ योजनालाई निरन्तरता दिदै नेपाल सरकारबाट प्राप्त २ करोड ८ लाख र यस गाउँपालिकाबाट रू. ४२ लाख गरी रू. २ करोड ५० लाख रकम विनियोजन गरेको छ।

४. कर्णाली प्रदेश सरकार र यस गाउँपालिकाको लागत सहभागितामा निर्माण हुने समपूरक अनुदान तर्फका योजनाहरूमा प्रदेश सरकारबाट प्राप्त भएको रू. २ करोड ८ लाख रकममा यस गाउँ पालिकाबाट रू. ६८ लाख ३५ हजार रकम विनियोजन गरेको छ।

५. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालनको लागि नेपाल सरकार सशर्त अनुदानबाट रू. १० लाख ४७ हजार प्राप्त भएको उक्त रकममा शत प्रतिशत रू. १० लाख ४७ हजार थप विनियोजन गरेको छ।

६. यस गाउँपालिकामा कार्यरत कार्यालय सहयोगीहरूको हाल खाइपाई आएको रू. १६ हजार मा रू. ३ हजार ५५० रूपैयाँ थप गरी मासिक रू. १९ हजार ५५० तलब कायम गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

७. आर्थिक, सामाजिक तथा पूर्वाधार विकास लागि विभिन्न संघ संस्थाहरूसँगको लागत साझेदारीका लागि चालु तर्फ रू. ५ लाख र पूँजीगत तर्फ रू. १० लाख गरी जम्मा रू. १५ लाख बजेट विनियोजन गरेको छ।

८. प्राकृतिक रुपमा आइपर्ने विपद्हरूको व्यवस्थापन गर्नको लागि रू. २० लाख र राहत, उद्दार तथा पुनर्स्थापना खर्चमा रू. १२ लाख रकम विनियोजन गरेको छ।

९. दलित लक्षित कार्यक्रम संचालनको लागि रू. ५ लाख रकम विनियोजन गरेको छ।

१०. घरेलु हिंसा, लैंगिक हिंसा कानूनी सचेतना सम्बन्धी गाउँपालिकास्तरिय सचेतनामूलक कार्यक्रम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छ।

११. उत्कृष्ट शिक्षक, प्र., वि.व्य.स. अध्यक्ष र विद्यार्थी सम्मान कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छ।

१२. शिक्षकको क्षमता अभिवृद्धिका लागि शिक्षक तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

१३. मेलमिलापकर्तालाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि रू. २ लाख बजेट विनियोजन गरेको छ।

१४. पालिकास्तरीय तथा जिल्लास्तरीय राष्ट्रपती रनिङ शिल्ड र खेलकुद विकासका लागि रू. १५ लाख रकम विनियोजन गरेको छ।

१५. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिदको लागि समानीकरण अनुदानबाट रू. १० लाख रकम विनियोजन गरेको छ।

१६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला तथा बालबालिकाहरूको लागि स्वास्थ्य जाँच शिविर संचालनको लागि रू. ४ लाख बजेट व्यवस्थापन गरेको छ।

१७. पशुपन्छीमा लाग्ने विभिन्न किसिमका रोग / किराहरू नियन्त्रणका लागि रू. ६ लाख बजेट विनियोजन गरेको छ।

१८. पशुस्वास्थ्य शिविर सञ्चालनको लागि रू. २ लाख रकम विनियोजन गरेको छ।

१९. व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि रू. ३ लाख बजेट व्यवस्थापन गरेको छ।

२०. प्रशासनिक सञ्चालन, तलब, भत्ता, कार्यालय सञ्चालन, पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास लगायत विभिन्न शीर्षकमा आवश्यक रकम विनियोजन गरेको छ।

**अन्त्यमा,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श समिति, विषयगत समितिहरू, गाउँपालिकाका विभिन्न शाखाहरू, गाउँसभा सदस्यहरू तथा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण कर्मचारी, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बजेट तथा कार्यक्रम कार्यान्वयनमा गाउँसभा सदस्यहरू, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम तथा सम्बद्ध सम्पूर्ण सरोकारवालाहरूबाट सिर्जनात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गर्दै सभ्य, स्वस्थ, समृद्ध र सुशासनयुक्त सान्नीत्रिवेणी गाउँपालिका निर्माणमा सबैको आ-आफ्नो क्षेत्रबाट योगदान हुने आशा र विश्वास व्यक्त गर्दछु, धन्यवाद।